जिरी नगरपालिका

# स्थानीय राजपत्र

जिरी नगर कार्यपालिकाबाट प्रकाशित

खण्डः २ | संख्या १ | २०७५ साल वैसाख १२ गते


## भाग-२

## जिरी नगरपालिका

## सूचना १

### जिरी नगरपालिका राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम जिरी नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानाकारीको लागि प्रकाशन गरिएको छ ।

## प्रस्तावना:

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम यस नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड लगायत नगरपालिकाबाट भएका नियुक्ति, आदेश आदि स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

नगरपालिकाको राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न,राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, राजपत्रमा हस्ताक्षर गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न बान्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

नगरकार्यपालिकाबाट स्वीकृत मिति : २०७४।१२।२३

## भाग - १
## प्रारम्भिक

१. **कार्यविधिको नाम:** यस कार्यविधिको नाम “जिरी नगरपालिका राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४” रहेको छ ।

२. **कार्यविधि लागू हुने:** यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

३. **कार्यविधिको व्याख्या:** यस कार्यविधिको कार्यान्वयन सम्बन्धमा कुनै व्याख्या गर्नु परेमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

४. **बचाऊ:** यो कार्यविधि लागू हुनुभन्दा अगावै नगरपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, आदेश वा अधिकारपत्र यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

## भाग - २
## राजपत्रको भाग र ढाँचा

५. **राजपत्रको भागहरु:** नगरपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषय वस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

६. **राजपत्रको ढाँचा:** नगरपालिकाको राजपत्रको ढाँचा अनुसूची २ देखि ५ सम्म उल्लेख भए बमोजिम हुनेछ ।

७. **खण्डको व्यवस्था:** नगरपालिकाको राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

८. **राजपत्रको संख्या:**

(१) नगरपालिकाको राजपत्रको संख्या कायम गर्दा भाग पिच्छे फरक फरक संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली वर्षलाई आधार मानी सो वर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को वर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

९. **राजपत्रमा प्रकाशन गर्ने सामग्री:** नगरपालिकाको राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तैः- ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, आदेश, नियुक्ति, परिपत्रको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको त्यस्तै राखी प्रकाशन गरिनेछ ।

१०. **राजपत्र प्रकाशन गर्ने अधिकारी:** नगरपालिकाको राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी प्रकाशन गरिनेछ ।

## भाग - ३

## राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

११. **राजपत्र प्रकाशनको जिम्मेवारी:**

(१) नगर कार्यपालिका कार्यालयले कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र नगरपालिकाको राजपत्र प्रकाशन गरिनेछ ।

१२. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्ने:**

(१) प्रकाशन हुने सामग्री नगर कार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गर्नु पर्नेछ । सो शाखा स्थापना नभएसम्म अन्य शाखाबाटै सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाउनु पर्नेछ ।

१३. **स्थानीय राजपत्रको अभिलेख व्यवस्थापन:**

(१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(२) नगरपालिकको राजपत्रको विवरण एक अलग्गै अभिलेख पुस्तिका खडा गरी सोही पूस्तिकामा भाग पिच्छे प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत वा कर्मचारीले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गर्नु पर्नेछ ।

१४. **निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने** : नगरपालिकाले राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराउनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) नगरपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) नगरपालिकाको सम्बन्धित शाखा वा इकाई र

(ङ) नगरपालिकाका प्रत्येक वडा कार्यालय

१५. **वेभ साइटबाट सार्वजनिक:** नगरपालिकाबाट प्रकाशित राजपत्रलाई नगरपालिकाको वेभसाइटमा मार्फत सार्वजनिक गरिनेछ ।

१६. **विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य:**

(१) प्रकाशित राजपत्र नगरपालिकाका वडाहरु र नगरपालिकाको सूचना तथा अभिलेखकेन्द्र तथा तोकिएको शाखा वा एकाइमार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) नगरपालिका राजपत्रको देहाय बमोजिमकोबिक्री मूल्य निर्धारण गरिएको छ,

(क) <u>**बार्षिक सदस्य बनाई बिक्री गर्दा**</u>: वडा कार्यालय वा नगरपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. १०००/- (एक हजारमात्र)

(ख) <u>**खुद्रा बिक्री गर्दा**</u> : नगरपालिकाको राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु २५ मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु .६० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१२० मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.१५० मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.२०० मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु ३०० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज ३ रुपैयाका दरले थप शुल्क लिइनेछ ।

१७. <u>**बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :**</u> नगरपालिकाको राजपत्र बिक्री बापत प्राप्त राजश्व नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

प्रमाणिकरण मिति २०७५।०१।१२

आज्ञाले,

चक्रपाणी शर्मा

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

(दफा ५ सँग सम्बन्धित)

**स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु**

**भाग-१**

यस भागमा स्थानीय नगरसभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग-२**

यस भागमा नगर कार्यपालिकाबाट जारी नियमावली, आदेश वा अधिकारपत्र, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौतापत्रको व्यहोरा प्रकाशन गरिनेछ ।

**भाग-३**

यस भागमा नगरपालिकाबाट हुने संविधान तथा कानून बमोजिमका नियुक्ति तथा नियुक्ति सम्वन्धी सूचना प्रकाशन गरिनेछ ।

**भाग-४**

यस भागमा नगर कार्यपालिकाबाट जारी हुने सार्वजनिक महत्वका सूचना तथा कार्यपालिकाको निर्णय बमोजिम स्थानीय राजपत्रमा प्रकाशन गर्ने भनी तोकिएका स्थानीय विभाग, महाशाखा वा शाखाबाट जारी हुने सूचना प्रकाशन गरिनेछ ।

अनुसूची - २

(दफा ६ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

## जिरी नगरपालिका

# स्थानीय राजपत्र

## जिरी नगर कार्यपालिकाबाट प्रकाशित

खण्डः... संख्याः...मितिः ..../../..

## भाग-१

## जिरी नगरपालिका

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३

(दफा ६ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

## जिरी नगरपालिका

# स्थानीय राजपत्र

## जिरी नगर कार्यपालिकाबाट प्रकाशित

---

खण्डः... संख्याः...मितिः ..../../..

---

## भाग-२

## जिरी नगरपालिका

कार्यपालिकाबाट जारी नियमावली, आदेश वा अधिकारपत्र, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौतापत्रको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ४

(दफा ६ तथा अनसूची-१ को भाग-३ सँग सम्बन्धित)

जिरी नगरपालिका

# स्थानीय राजपत्र

**जिरी नगर कार्यपालिकाबाट प्रकाशित**

खण्डः... संख्याः...मितिः ..../../..

**भाग-२**

## जिरी नगरपालिका

गाउँपालिका/नगरपालिकाबाट हुने संविधान तथा कानून बमोजिमका नियुक्ति तथा नियुक्ति सम्वन्धी सूचनाको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची - ५

(दफा ६ तथा अनसूची-१ को भाग-४ सँग सम्बन्धित)

### जिरी नगरपालिका

# स्थानीय राजपत्र

### जिरी नगर कार्यपालिकाबाट प्रकाशित

खण्डः... संख्याः...मितिः ..../../..

### भाग-४

### जिरी नगरपालिका

नगर कार्यपालिकाबाट जारी हुने सार्वजनिक महत्वका सूचनातथा कार्यपालिकाको निर्णय बमोजिम स्थानीय राजपत्रमा प्रकाशन गर्ने भनी तोकिएका स्थानीय विभाग, महाशाखा वा शाखाबाट जारी हुने सूचनाको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत